**आ.व. ०८१/८२ को सातौं बैठक**

आज मिति २०८१ साल फाल्गुण ०५ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री धन बहादुर बस्नेत | का.वा. अध्यक्ष | ९८४८२७४१५० | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८५८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

शिव कुमार काम्बाङ, प्रशासन शाखा

अर्जुन श्रेष्ठ, शिक्षा, युवा तथा खेलकुद शाखा

धन बहादुर बुढाथोकी, का.स.

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

आर्थिक वर्ष ०८०/०८१ मा तयार गरिएको यस गाउँपालिकाको दोश्रो आवधिक योजना (२०८१/८२-०८५/८६) मा आवश्यक संशोधनको लागि परामर्शदातालाई पत्राचार गरिएकोमा संशोधित प्रतिवेदन प्राप्त भई सकेको हुँदा, उक्त आवधिक योजनालाई स्वीकृत गरी अनुमोदनको लागि आगामी गाउँसभामा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

यस पाथीभरा याङवरक गाउँपालिकाको लागि चालु आ.व.०८१/०८२ मा तयार गरिएको मध्यकालिन खर्च संरचनालाई स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश विराटनगर, नेपालको प्रदेश स्तरीय योजना माग गर्ने सम्बन्धी सूचना बमोजिम तपसिलका योजनाहरु प्रदेशस्तरीय मन्त्रालय तथा कार्यालयहरुमा माग गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

| क.स. | आयोजनाको नाम | माग गरिएको मन्त्रालय/कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन निर्माण वडा नं.-२ | सहरी विकास तथा भवन कार्यालय, ईलाम | |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं.-६ | | |
| ३ | वडा कार्यालय भवन निर्माण वडा नं.-४ | | |
| ४ | वडा नं.२ खहरे देखि वडा नं.-४ सम्म सिँचाई कुलो | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, ताप्लेजुङ | |
| ५ | वडा नं.-१ को खोक्से क्षेत्रमा फोहोरा सिँचाई | | |
| ६ | वडा नं.-४ मा खिंगेखोलादेखि सेक्रेसम्म सिँचाई कुलो | | |
| ७ | वडा नं. ६ कात्तिके-बढहरे-थुम्वेदिन सिँचाई कुलो | | |
| ८ | वडा नं. ५ सिङदेम्बेमा पहिरो नियन्त्रण | | |

| | | | |
|---|---|---|---|
| ९ | वडा नं. १ को टारी खेतमा काबेली खोला तटबन्धन | भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटा | |
| १० | वडा नं.-२ को पुर्णेडाँडा देखि पालिका भवनसम्म कालोपत्रे | पूर्वाधार विकास कार्यालय, पाँचथर। | |
| ११ | पालिका भवन वरिपरि नाला व्यवस्थापन तथा घेराबारा | | |
| १२ | वडा नं.-३ गुसे-तिरिङ्गे मोटरबाटो कालोपत्रे | | |
| १३ | चतुरे-तिरिङ्गे मोटरबाटो स्तरोन्नती | | |
| १४ | व्यवसायिक कफी खेती कार्यक्रम | कृषि ज्ञान केन्द्र, ताप्लेजुङ। | |
| १५ | सिप विकास तालिम सञ्चालन | घरेलु तथा साना उद्योग कार्यालय, ताप्लेजुङ। | |
| १६ | वृहत बाख्रा प्रवर्द्धन कार्यक्रम | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ताप्लेजुङ। | |
| १७ | कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर, नेपाल | |
| १८ | खेल शिक्षकहरुलाई १ महिने प्रयोगात्मक क्षमता विकास कार्यक्रम | सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर। | |
| १९ | फाक्सेबारी खेलमैदान विस्तार, वडा नं.-५ | | |
| २० | शिक्षकहरुलाई १ महिने कम्प्युटर तालिम | | |
| २१ | टि.वि. फ्रि पालिका | स्वास्थ्य कार्यालय, ताप्लेजुङ। | |

निर्णय नं.-५

प्रदेश र स्थानीय तहमा आ.व. ०८२/०८३ का लागि संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमको लागि मितिः २०८१/१०/१६ गते प्रकाशित सूचना बमोजिम समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम मितिः २०८१ फाल्गुण १५ गते भित्र आयोजना/कार्यक्रमको विद्युतीय (अनलाइन) प्रणाली मार्फत आव्हान गरिएको हुँदा तपसिल आयोजना/कार्यक्रम छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. समपुरक अनुदान तर्फः

- काबेली-पूर्णेडाँडा-पालिका भवनसम्मको सडक कालोपत्रे, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ ।
- मेवाखा-सुकेटार सडकखण्ड कालोपत्रे, पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ।
- शारदा मा.वि.को भवन निर्माण, पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ।

२. विशेष अनुदान तर्फः

- केराबारी- डाँडागाउँ-पूर्णेडाँडा खानेपानी योजना, पाथीभरा याङवरक-२, थेचम्वु, ताप्लेजुङ ।

➢ मेवाखा-कालीमाटी खानेपानी आयोजना, पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ।

निर्णय नं.-६

यस गाउँपालिकाको वडा नं.-५ मा रहेको चाक्सीबोटे मा.वि.को विद्यालय मर्मत गर्नु पर्ने भएको हुँदा, प्राविधिक स्टिमेट बमोजिम मर्मत गर्नको लागि विद्यालय मर्मत संभारबाट व्ययभार हुने गरी रकम रु.१,२०,०००।- (अक्षरेपी एक लाख विस हजार मात्र।) विनियोजन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-७

यस गाउँपालिकामा मिति:२०८१/०९/२० गते देखि २२ गते सम्म थुम्वेदिन मा.वि.मा सञ्चालित गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्डमा विद्यालयहरुले सहभागी जनाउदा भएको खर्च रकम रु. ३९४२००।-(तीन लाख चौरानब्बे हजार दुई सय रुपैया मात्र।) अन्य खेलकुद शिर्षकवाट व्ययभार हुने गरी भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

यस गाउँपालिकामा युवा खेलाडीहरुको भलिबल प्रतिको मोह बढीरहेको साथै भलिबल खेलाडीहरुमा व्यवसायिकताको मानसिकता विकास भईरहेको पाइएकोले गाउँपालिकाभन्दा बाहिरको म्याचमा प्रथम या द्वितीय उपाधी हासिल गरी ट्रफी पालिकामा बुझाएमा गत विगत समयदेखि नै रु.५०,०००।— प्रोत्साहनस्वरुप उपलब्ध गरिएकोमा यस पटक ताप्लेजुङ साथै पाँचथर जिल्लाको विभिन्न स्थानहरुमा आयोजना भएको वडा स्तरीय भलिबल प्रतियोगितामा यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-६ बाट भलिबल खेलाडीहरु सहभागी भई ८ पटक प्रथम स्थान हासिल गरेको साथै वडा नं.-३ तिरिङ्गेले १ पटक दोस्रो स्थान हासिल गरि ट्रफी पालिकामा प्राप्त भएकोले उक्त टिमलाई यो बैठक बधाई तथा शुभकामना दिदैं सहभागी हुँदाको बखत लागेको खानाबास खर्च बापतको रकम रु. ४,५०,०००।—(अक्षरेपी चार लाख पचास हजार मात्र।) अन्य खेलकुद शिर्षकवाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-९

यस पाथीभरा याङवरक गाउँपालिकामा तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नको लागि १५ दिने सूचना आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल:

- ❖ हे.अ. (पाँचौ)- २ जना
- ❖ अ.न.मी. (चौथो)- १ जना

निर्णय नं.-१०

बाह्रदशी गाउँपालिका, झापाले आमन्त्रण गरेको प्रदेशस्तरीय भलिबल प्रतियोगितामा यस गाउँपालिकाले सहभागिता जनाउदा भएको खर्च रकम रु. २२००००।- अन्य खेलकुद शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-११

१ नं. वडा कार्यालयको मिति:२०८१/०९/०१ गतेको सिफारिस पत्रानुसार डाँडागाउँ खानेपानी उपभोक्ता समिति र टारीखेत उपभोक्ता समितिको माग बमोजिम उक्त स्थानमा सञ्चालन भई रहेको खानेपानीको पाईप बाढी पहिरोले बगाएको हुनाले, डाँडागाउँ उपभोक्ता समितिको लागि ४० mm को १ क्वाइल र टारीखेत उपभोक्ता समितिको लागि २५ mm को २६०० मिटर पाइप, ३२ mm को ४०० मिटर र गाउँपालिकाको लागि १६ mm को १ क्वाइल पाईप प्राविधिक इस्टिमेट बमोजिम प्रकोप व्यवस्थापन कोषबाट व्ययभार हुने गरी खरिद गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१२

काबेली-पुर्णेडाँडा-पालिका भवन सम्मको कालोपत्रे सडक (ठेक्का नं. NBC/WORKS/PYRM/KPDSKS-03/080/081)को लागत स्टिमेटमा भएका कतिपय परिमाण तथा विषयहरु फिल्डमा आवश्यकता अनुसार परिवर्तन गर्नुपर्ने देखिएमा इन्जिनियरको निरीक्षणमा उक्त कार्य अगाडी बढाउन आवश्यक ठहर भएमा BOQ भन्दा फरक हुन आउने परिमाण पछि भेरिएसन हुने गरी हाललाई कार्य अगाडी बढाउने सर्वसहमतिले निर्णण गरियो।

निर्णय नं.-१३

पाथीभरा याङवरक-३, तिरिङ्गेमा अवस्थित श्री सिद्ध कुमारी आ.वि.मा गाउँपालिका, यु. डब्लु.एस. र विद्यालयको लागत साझेदारीमा नवनिर्मित भवनको विद्युत वाइरिङ गर्न रकम रु. ८०,०००।- लाग्ने भएकोमा यु.डब्लु.एस.ले २४,०००।- व्यहोर्ने प्रतिवद्धता जाहेर गरेको हुँदा, बाँकी रहेको रकम रु.५६,०००।- विद्यालय मर्मत कोषबाट व्यहोर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१४

जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता खेलकुदमा विनियोजित बजेट रु. ७,००,०००।-(अक्षरेपी सात लाख मात्र।) रहेकोमा उक्त प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागी हुँदा रकम रु.७,९९,०१५।-(अक्षरेपी सात लाख उनान्सय हजार पन्ध्र मात्र।) खर्च भएको बाँकी अपुग रकम रु. ९९,०१५।- (अक्षरेपी उनान्सय हजार पन्ध्र मात्र।) अन्य खेलकुद शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१५

यस कार्यालयको ठेक्का नं. NCB/WORKS/PYRM/PDKN-01/081/82 वडा नं. ५ को पोखरी धारा खानेपानी निर्माण कार्यका लागि ताप्लेजुङ कन्स्ट्रक्सन प्रा.लि., नयाँ बानेश्वर, काठमाण्डौंले रु. ३४९६०८९।२६ (अक्षरेपी चौंतिस लाख छयानब्बे हजार उनान्नब्बे रुपैया छब्बिस पैसा मात्र।) कबोल गरि न्यूनतम मूल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भएकोले यस कार्यालयबाट मिति: २०८१/०८/१८ मा १५ दिनभित्र सम्झौता गर्न आउनु हुन भनि सूचना गरेकोमा सम्झौता गर्न आउन केहि समयको म्याद मागेको हुँदा साथै दोस्रो बोलपत्रदाता भन्दा रु. १०,७४,३१८.२९ कममा कबोल गरेको हुँदा आर्थिक रुपमा समेत नेपाल सरकार र स्थानीय सरकारलाई कम दायित्व पर्ने देखिएको साथै आर्थिक वर्षकको अन्त्य सम्ममा सहजै कार्य सम्पन्न हुने देखिएको हुँदा ताप्लेजुङ कन्स्ट्रक्सन प्रा.लि., नँया बानेश्वर,

काठमाण्डौँसँग सम्झौता गर्न मनासिब देखिएकोले निजसँगै सम्झौता गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१६

जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङको च.नं.९७१, मितिः२०८१/१०/२५ गतेको पत्रानुसार समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङको ना १ झ १३३५ नं. को स्कारपिओ गाडी मर्मत गर्दा रकम रु.१००४००.२६।- (अक्षेरुपी एक लाख चार सय रुपैया छब्बिस पैसा मात्र।) बिल भरपाई पेश भएको हुँदा, उक्त रकम भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।